कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**

## कर्णाली पहिचान कार्यक्रम (उत्कृष्ठ एवं नमुना उत्पादन पहिचान) सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**<u>प्रथम पटक प्रकाशित मिति:-२०७८/०९/०५</u>**

चालु आ.व.०७८/७९को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार स्थानीय कच्चा पदार्थ तथा श्रोत साधनको प्रयोग मार्फत उत्कृष्ट एवं नमुना उत्पादन गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा स्थापित वा स्थापित हुन सक्ने उद्योग वा उद्यमशिलताको प्रवर्द्धनको लागि उत्कृष्ट एवं नमुना उत्पादनको पहिचान गर्ने कियाकलाप रहेको हुँदा इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजात एवं उत्पादित सामाग्रीहरु संलग्न गरि प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ ।

क. कार्यक्रम/आयोजनाको नाम : कर्णाली पहिचान कार्यक्रम ।

ख. उद्देश्य : स्थानीय कच्चा पदार्थ तथा श्रोत साधनको प्रयोग मार्फत उत्कृष्ठ एवं नमुना उत्पादन गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा स्थापित वा स्थापित हुन सक्ने उद्योग वा उद्यमशिलताको प्रवर्द्धनको लागि विभिन्न क्रियाकलापहरु जस्तै: लोगो निर्माण गर्ने, उत्कृष्ठ एवं नमुना उत्पादनको पहिचान गर्ने, उत्पादनको प्रचार प्रसार गर्ने, उद्योगलाई सम्मान एवं पुरस्कृत गर्नु ।

ग. कार्यक्रम/आयोजना संचालन हुने स्थान : समग्र कर्णाली प्रदेश ।

संलग्न गर्नुपर्ने कागजाता एंव सामाग्री:

१. अनुसूची-१ बमोजिमको निवेदन र उद्यमीको नेपाली नागरिकताको प्रतिलिपी ।

२. उद्योग दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्रको प्रतिलिपि र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा अडिड रिपोर्ट (म्याद समाप्त भएको भए म्याद थमौती पत्र) समेत ।

३. उद्योगबाट उत्पादित सामाग्रीहरुको नमुना अलगै सिलबन्दी गरी पेश गर्नुपर्ने ।.

४. *कुनै सरकारी /गैरसरकारी निकायमा प्रचलित कानून बमोजिम कालो सूची परे/नपरेको स्व:घोषणापत्र ।*

५. *ईजाजत /अनुमति /अनुज्ञापत्र लिनुपर्ने उद्योगको हकमा सो समेत संलग्न गर्नुपर्ने। र उक्त प्रमाण पत्र नवीकरण गरेको हुनुपर्नेछ ।*

६. *आवश्यक अन्य कागजात एंव विवरण ।*

<u>नोट</u> :

क. यस कार्यक्रम अन्तरगत एउटा उद्योग/उद्यमीले एउटा मात्र उत्पादनलाई छनौटका लागि समावेश गर्नुपर्नेछ ।

ख. जिल्ला स्थित कार्यालयबाट छनौट हुने उद्योग/उत्पादन मध्येबाट निर्देशनालयले छनौट तथा मूल्याङ्कन समिति मार्फत पुनः छनौट कार्य गरी सो मध्येबाट उत्कृष्ट एक उद्योग/उत्पादन छनौट गर्नेछ । पुनः छनौट कार्यबाट उत्कृष्ट हुने उत्पादनलाई प्रदेश स्तरीय उत्कृष्ट एवं नमुना उत्पादनको रुपमा पहिचान गरिनेछ ।

ग. उत्कृष्ट हुने उत्पादन/उद्योगलाई पुरस्कार स्वरुप रु. १ लाख (कर समेत) नगद पुरस्कार प्रदान गरिनेछ । पुरस्कार रकम सम्बन्धीत उद्योगको बैंक खातामा उपलब्ध गराइनेछ ।

घ. उत्कृष्ट हुने उत्पादन/उद्योगलाई कर्णाली प्रदेश सरकारले छनौट गरेको लोगो प्रयोगको लागी इजाजत प्रदान गरिनेछ । त्यसैगरी, उत्कृष्ट उत्पादन पहिचानको प्रमाणपत्र समेत प्रदान गरिनेछ ।

ङ. उद्यमीको उद्योग दर्ता भै सञ्चालन अवस्थामा रहेको हुनुपर्नेछ । उद्योग प्राइभेट फर्म भएमा प्रोप्राइटरलाई उद्यमी मानिनेछ. साझेदार फर्मको हकमा सम्पूर्ण साझेदारलाई उद्यमी मानि सबै साझेदारबाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ । कम्पनी फर्मको हकमा कम्पनीलाई उद्यमी मानिने छ र संचालक समितिको निर्णय, अख्तियारी प्राप्त भएको व्यक्तिद्वारा हस्ताक्षरित कागजपत्र पेश हुनुपर्नेछ ।

च. उद्यमीले, सूचनामा तोकं बमोजिमका कागजात सहित आवेदन सम्बन्धित जिल्लाको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय/निर्देशनालयमा मिति २०७८/०९/१९ गते कार्यालय समयभित्र पेश गर्नुपर्नेछ । उद्यमीले पेश गर्ने प्रत्येक कागजातको पछाडी स्वंय प्रमाणित गरेको हुनुपर्नेछ । उद्यमीले प्रस्ताव एंव संलग्न कागजात र उत्पादित वस्तुको नमुना सिलबन्दी गरि पेश गर्नुपर्नेछ ।

छ. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव दर्ता गराउन सकिनेछ ।

ज. उत्कृष्ट हुने उत्पादन/उद्योगलाई सम्मान एंव पुरस्कृत गर्न विशेष समारोहको आयोजना गरिनेछ ।

<u>पुनश्च</u>: थप जानकारीको लागि कार्यालय समय भित्र टेलिफोन नं ९८६८०४२५४१ सम्पर्क गर्नु होला ।

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
रुकुम (पश्चिम) नेपाल

प.सं. ०७८/७९ मिति: २०७८/०२/०७
चलानी नं. ६२८

विषय: सूचना टाँस गरि दिने सम्बन्धमा।

श्री मुसिकोट नगरपालिकाको कार्यालय रुकुम पश्चिम।
श्री चौरजहारी नगरपालिकाको कार्यालय रुकुम पश्चिम।
श्री आठबिसकोट नगरपालिकाको कार्यालय रुकुम पश्चिम।
श्री सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम पश्चिम।
श्री त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम पश्चिम।
श्री बाँफिकोट गाउँपालिकाको कार्यालय रुकुम पश्चिम।

प्रस्तुत विषयमा उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर सुर्खेतबाट आ.व. ०७८।०८९ मा संचालन हुने कर्णाली पहिचान कार्यकम अन्तर्गतका कियाकलापहरु उत्कृष्ठ यवं नमुना उत्पादन पहिचान र लोगो डिजाइन सम्वन्धि प्रस्ताव आव्हान सम्वन्धिको प्रकासित प्राप्त सुचना यसै पत्र साथ संलग्न राखी पठाईएको छ। उक्त सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरिदिनुहुन अनुरोध छ।

..............................
मोहन कुमार के.सी.